**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी अनि जापानका प्रधानमंत्री शिगेरू इशिबाले  दुवै देशहरु बीच रणनीतिक, आर्थिक अनि प्रौद्योगिकी सहयोग बढ़ाउन एक दशकको व्यापक कार्य योजना तय गरेका छन्।
- जापानका प्रधानमंत्रीले भारतको वैश्विक प्रभावको सराहना गर्दै जापानको अर्थव्यवस्थामा कुशल भारतीय प्रतिभाहरुको अधिक भन्दा  अधिक उपयोगको आह्वान गर्नुभएको छ।
- भारतको राष्ट्रिय सुरक्षा संरचनालाई बलियो बनाउने दिशामा महत्वपूर्ण कदम चाल्दै भारतीय सेनाले कन्भर्ज क्याप्सुल–२ लाई सफलतापूर्वक समापन गरेको छ।
- मौसम विज्ञान विभागले तटीय कर्नाटक, हिमाचल प्रदेश, पञ्जाब र उत्तराखण्डका केही स्थानहरुमा भारी वर्षाको पूर्वानुमान गरेको छ |
- भारतले बर्ष 2030 को राष्ट्रमंडल खेलहरुको आयोजनको लागि  आधिकारिक प्रस्ताव पेश गरेको छ।

**प्रधानमंत्री-जापान**

प्रधानमंत्री नरेन्द्र मोदी अनि जापानका प्रधानमंत्री शिगेरू इशिबाले  दुवै देशहरु बीच रणनीतिक, आर्थिक अनि प्रौद्योगिकी सहयोग बढ़ाउन एक दशकको व्यापक कार्य योजना तय गरेका छन्। दुवै नेताहरुले हिज टोक्योमा  शिखर वार्ता पछि यो घोषणा गरेका छन्। सोशल मीडिया पोस्टमा  प्रधानमंत्री मोदीले भन्नुभयो – 15 औ भारत-जापान वार्षिक शिखर सम्मेलनको अवधि उहाले अनि प्रधानमंत्री इशिबाले द्विपक्षीय सम्बन्धहरुको सबै पक्षहरुको समीक्षा गरे तथा विशेष रणनीतिक अनि वैश्विक भागीदारी बलियो बनाउने बिषय माथि सहमति व्यक्त गरेका छन्। शिखर वार्ता पछि  संयुक्त संवाददाता सम्मेलनमा प्रधानमंत्री मोदीले भन्नुभयो कि अघिल्लो दशकको कार्य योजनामा निवेश, नवाचार, पर्यावरण, प्रौद्योगिकी, स्वास्थ्य, मानिसहरु बीच संपर्क अनि अत्यधुनिक भागीदारीको क्षेत्रहरु माथि विशेष रूपले ध्यान दिईनेछ। श्री मोदीले भन्नुभयो – दुवै देशले अघिल्लो 10 वर्षमा जापानबाट भारतमा 100 खरब येन निवेशको लक्ष्य राखेको छ। दुवै देशले  लघु अनि मध्यम उद्यमहरु तथा स्टार्टअप उद्यमहरु माथि पनि विशेष ध्यान दिनेछ। आर्टिफिशियल इंटेलिजेंस, सेमीकंडटर, पर्यावरण अनि स्वास्थ्य क्षेत्रहरुमा सहयोग बढ़ाईनेछ। प्रधानमन्त्री मोदीले जापानको कंपनिहरुसित **मेक-इन इंडिया, मेक-फॉर द् वर्ल्ड अर्थात्** भारतमा विश्वको लागि  विनिर्माणको आग्रह गर्नुभयो।

**बाइट-प्रधानमंत्री मोदी दस ट्रिलियन**

प्रधानमंत्रीले दुवै देशहरु बीच मानव संसाधन आदान-प्रदान अनि  सहयोगको महत्वाकांक्षी कार्य योजनाको पनि घोषणा गर्नुभएको छ। उहाले  स्वतंत्र, मुक्त, शांतिपूर्ण, समृद्ध अनि नियम आधारित हिंद- प्रशांत क्षेत्रको लागि भारत अनि जापानको प्रतिबद्धताको पुष्टि गर्नुभयो। दुवै देशले रक्षा उद्योग अनि नवाचार क्षेत्रमा परस्पर सहयोग बढ़ाउने निर्णय लिएको उहाले घोषणा गर्नुभयो। उहाले भन्नुभयो - रक्षा अनि समुद्री सुरक्षाको संदर्भमा  आतंकवादलाई लिएर दुवै देशहरुको समान चिन्ताहरू रहेको छ ।

**बाइट-प्रधानमंत्री मोदी-सुरक्षा**

जापानका प्रधानमंत्रीले भारतको वैश्विक प्रभावको सराहना गर्नु भयो अनि जापानको अर्थव्यवस्थामा कुशल भारतीय प्रतिभाहरुको अधिक भन्दा अधिक उपयोगको आह्वान गर्नुभएको छ। साझा लोकतांत्रिक मुल्यहरु अनि स्वतंत्र हिंद- प्रशांत क्षेत्र माथि जोर दिंदै उहाले भन्नुभयो कि अनिश्चित वैश्विक स्थितिहरुमा भारत अनि जापानलाई क्षेत्रीय शांति अनि स्थिरता सुनिश्चित गर्न आफ्नो शक्तिहरुलाई एकजुट गर्नु पर्नेछ।

**अमित शाह-मुंबई**

केंद्रीय गृहमंत्री अमित शाह हिज साझ गणेशोत्सवमा सामेल हुनको लागि दुई दिने भ्रमणमा मुंबई पुग्नुभयो। श्री शाहले महोत्सवमा प्रसिद्ध गणेश पंडाल लालबागको राजाको दर्शन गर्नुहुनेछ। उहाले बांद्रा अनि अंधेरी इलाकामा केहि अन्य गणेश पंडालहरुको पनि भ्रमण गर्नुहुनेछ। आफ्नो यात्रामा श्री शाहले महाराष्ट्रका मुख्यमंत्री देवेन्द्र फडणवीससित भेट गर्नुहुनेछ अनि राज्यको वर्तमान राजनीतिक स्थिति, मराठा प्रदर्शन अनि स्थानीय निकाय चुनावहरुको लागि भारतीय जनता पार्टीको तैयारिहरु बारे चर्चा गर्नुहुनेछ। गृहमंत्री अमित शाहले महाराष्ट्रका उप मुख्यमंत्री एकनाथ शिंदे अनि अजीत पवारसित पनि भेट गर्नुहुने सम्भावना छ।

**भारतीय सेना - कन्वर्ज कैप्सूल-2**

भारतको राष्ट्रिय सुरक्षा संरचनालाई बलियो बनाउने दिशामा महत्वपूर्ण कदम चाल्दै भारतीय सेनाले कन्भर्ज क्याप्सुल–२ लाई सफलतापूर्वक समापन गरेको छ। यो एक अग्रणी सैन्य र नागरिक पहल हो। यो २५ देखि २९ अगस्टसम्म जोधपुर र जैसलमेरका रणनीतिक स्थानहरूमा आयोजना गरिएको थियो। यसको उद्देश्य सशस्त्र बल र नागरिक सरोकारवालाहरू बीच बलियो सम्बन्ध निर्माण गर्न विभिन्न हितधारकहरुलाई एक-साथ ल्याउनु थियो। टेरिटोरियल आर्मी डाइरेक्टरेटको समन्वयमा हेडक्वार्टर साउदर्न कमाण्डले आयोजना गरेको कन्भर्ज क्याप्सुल–२ मा 'होल नेशन अप्रोच' को भावना लाई मूर्त रुप दिइएको थियो। पाँच दिनसम्म चलेको उक्त कार्यक्रममा नागरिक प्रशासनिक सेवाका प्रतिनिधिहरू, प्रमुख शैक्षिक संस्थाहरू र अग्रणी उद्योग साझेदारहरूको सक्रिय सहभागिता रहेको थियो, जसले विद्यमान र उदीयमान चुनौतीहरूको सामना गर्न सहयोगी प्रयासलाई उजागर गरेको थियो।

**केरल - सम्मेलन**

मत्स्य विभागले भनेको छ कि केरल सरकारले, यूरोपीय संघको सहयोग द्वारा राज्यलाई निलो **अर्थव्यवस्थाको** केंद्रको रूपमा बढ़ावा दिनको लागि तिरुवनंतपुरममा दुई दिवसीय सम्मेलन आयोजित गर्नेछ। **'नीली लहरें-दो किनारे, एक दृष्टिकोण' (Blue Tides-Two Shores, One Vision)** नामक यो सम्मेलनले सहयोगको विविध विषयहरु अनि अवसरहरुको खोज गर्नेछ। यो सम्मेलन **राज्य मत्स्य विभाग** द्वारा 18 अनि 19 सितंबरमा **लीला कोवलममा** आयोजित गरिनेछ। यसमा निलो अर्थव्यवस्थामा केरलको रणनीतिक लाभहरुलाई यूरोपीय संघका वैज्ञानिक अनि नीतिगत विशेषज्ञतासित समन्वित गर्ने बिषय माथि व्यापक विचार-विमर्श अनि बातचीत हुनेछ ताकि एक स्थायी अनि लचीलो वैश्विक मॉडल बनाउन सकियोस्।

**आईएमडी मौसम**

मौसम विज्ञान विभागले तटीय कर्नाटक, हिमाचल प्रदेश, पञ्जाब र उत्तराखण्डका केही स्थानहरुमा भारी वर्षाको पूर्वानुमान गरेको छ। मौसम बिभागले उत्तर पूर्व बिहार, राजस्थान, गुजरात, दिल्ली, मध्य प्रदेश, महाराष्ट्र अनि दक्षिण भारतका केही स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। अण्डमान र निकोबार द्वीपसमूह, बिहार, जम्मू–कश्मीर–लद्दाख–गिलगिट–बाल्टिस्तान–मुजफ्फराबाद, झारखण्ड, उडिसा, तेलङ्गना, पश्चिम बङ्गाल र सिक्किमका केही स्थानमा गर्जन सहित वर्षा हुने सम्भावना छ। मौसम विद्का अनुसार उत्तरपश्चिम भारतमा आगामी पाँच दिनसम्म भारी वर्षा जारी रहने छ भने हिमाञ्चल प्रदेशमा भोलिसम्म र उत्तराखण्डमा २ सितम्बरसम्म भारी वर्षाको सम्भावना रहेको छ।

**ट्रम्प - हैरिस - सीक्रेट सर्विस**

अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले **पूर्व उप-**राष्ट्रपति अनि बर्ष 2024 मा **डेमोक्रेटिक** पार्टीका प्रतिद्वंद्वी कमला हैरिसको **सीक्रेट सर्विस सुरक्षा फिर्ता लिएका छन्** । समाचार एजेंसीले **व्हाइट हाउसका** एक वरिष्ठ अधिकारी मार्फत यो जानकारी दिएको हो । अधिकारीले बताए अनुसार सुश्री हैरिसको सुरक्षा तत्कालीन राष्ट्रपति **जो बाइडेनले गत** जनवरीमा पद छोड़न भन्दा पुर्ब , जनवरी 2026 सम्म , एक बर्षको लागि बढ़ाईएको थियो । समाचार एजेंसीले बताए अनुसार पूर्व उप-राष्ट्रपतिहरुलाई साधारण तः पद छोडे पछि 6 महीनाको सीक्रेट सर्विस सुरक्षा प्राप्त हुँदछ । यो कदम सुश्री हैरिसको आफ्नो नयाँ संस्मरण **"107 डेज़" को लागि** हाई-प्रोफाइल मल्टी-सिटी बुक टूर भन्दा पुर्ब उठाईएको छ जसमा उहाको संक्षिप्त राष्ट्रपति अभियानलाई सामेल गरिएको छ अनि यो आगामी 23 सितंबरमा रिलीज़ हुने भएको छ ।

**2030 राष्ट्रमंडल खेल-आधिकारिक बोली**

भारतले बर्ष 2030 को राष्ट्रमंडल खेलहरुको आयोजनको लागि आधिकारिक प्रस्ताव पेश गरेको छ । यस भन्दा पुर्ब भारतले 2010 को राष्ट्रमंडल खेलहरुको आयोजन गरेको थियो । भारतीय राष्ट्रमंडल खेल संघ अनि गुजरात सरकारको प्रतिनिधित्वमा हिज लंदनमा राष्ट्रमंडल खेल महासंघका अध्यक्ष डॉ. डॉनल्ड रुकारे को औपचारिक बोली प्रस्तुत गरियो ।

गुजरातका खेल मंत्री हर्ष सांघवीले प्रस्ताव पेश गरे पछि भन्नुभयो कि 2030 को राष्ट्रमंडल खेलहरुको आयोजनको प्रस्ताव सुचारु अनि समावेशी खेल आयोजन गर्ने भारतको प्रतिबद्धता दर्शाउदछ ।